**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-३७)**

मितिः २०८१/०४/०३ गते

प्रारम्भ: दिनको १२ : ०० बजे

समाप्त: दिनको २ : ३० बजे

समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी निम्नानुसार छलफल तथा निर्णय गरियो ।

१. राज्यको मूलप्रवाहमा आदिवासी जनजातिको समावेशीताको अवस्था र यस सम्बन्धमा आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले खेल्दै आएको भूमिका विषयक छलफलमा आदिवासी जनजाति समुदायको निम्ति विद्यमान संवैधानिक एवं कानूनी रुपमा भएको व्यवस्था, सो सम्बन्धमा आयोग तथा प्रतिष्ठानले गर्दै आएका प्रयास र भावी दिनमा गर्नुपर्ने कार्यका सन्दर्भमा आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका तर्फबाट छुट्टाछुट्टै रुपमा प्रस्तुती भयो । छलफलका क्रममा सामाजिक, राजनैतिक, शैक्षिक, आर्थिक लगायत विभिन्न रुपले पिछडिएका भनिएका आदिवासी जनजाति समुदायलाई राज्यको मूलधारमा ल्याउन आरक्षणको व्यवस्था गरिएको भए तापनि यो अर्थपूर्ण एवम् प्रभावकारी नदेखिएको र राज्यका सबै अङ्ग तथा तहमा आदिवासीहरुको उचित प्रतिनिधित्व हुन नसकेको निष्कर्ष आयो । हाल नेपालमा ६० वटा जनजाति रहेका छन् तर समावेशीकरणको प्रत्यक्ष लाभ पाउने पदमा हुनेखाने र सम्पन्न वर्गका मानिसहरुको नै बोलवाला रहेको देखिँदै आएको छ । तसर्थ आदिवासी जनजातिभित्र पनि सक्षमलाई मात्र नभई पिछडिएका तथा सिमान्तकृत जातथरको पहिचान गरी आवश्यकताका आधारमा राज्यको संरचनामा समानुपातिक प्रतिनिधित्व गराउने गरी कानूनमा सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ । आदिवासी जनजाति समुदायको इतिहास, भाषा, संस्कृति, रहनसहन एवम् मौलिकतालाई जोगाइराख्न विशेष पहल गरिनु पर्दछ । विभिन्न खालका विकास कार्यक्रम अगाडि बढाउँदा आदिवासी जनजाति समुदायको थातथलो, उनीहरुको

प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल र खानी) सँगको सम्बन्ध व्यवस्थापनतर्फ विशेष ध्यान पुऱ्याउनु पर्दछ । आदिवासी जनजातिमा रहेको सीपलाई व्यवसायीकरण गरेर स्वरोजगारमार्फत् उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउन सकिन्छ । तसर्थ समावेशीकरणलाई प्रभावकारी रुपले लक्षित वर्गसम्म पुऱ्याउन आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले संयुक्त रुपमा समन्वय र सहकार्य गरी अगाडि बढ्नु आवश्यक छ । साथै आदिवासी जनजाति आयोग एवम् आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले सरकारलाई दिएको सिफारिसहरुको कार्यान्वयन गर्ने सम्बन्धमा सबैले आ-आफ्नो स्थानबाट पहल गर्नु अपरिहार्य देखिन्छ ।

२. रुक्शना कपालीले "नेवाः जातिभित्रको जातीय विविधताको पहिचान गरी त्यस भित्र जात व्यवस्थाका कारण सिमान्तकृत जात समुदायलाई विशेष व्यवस्था गरिपाउँ" भनी दिएको निवेदन सम्बन्धमा समेत आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसँग बैठकमा छलफल भयो ।

३. समितिको अर्को बैठक सचिवालयबाट सूचना भएपछि बस्ने गरी आजको बैठक यहि स्थगित गर्ने निर्णय गरियो ।

**समितिको सचिव** **सभापति**